# अधिकृत क्याडेट पदको खुला प्रतियोगितात्मक परीक्षाको नेपाली विषयको नमुना प्रश्नपत्रहरू

## (वस्तुगत प्रश्न)

सही उत्तर छान्नुहोस् । १ × २० = २०

१. "सर्वहारा" शब्दको अक्षरसंख्या कति हो ?

क) १ ख) २ ग) ३ घ) ४

२. तलका स्वरहरु मध्ये कुन चाही संयुक्त स्वर हो ?

क) अ ख) उ ग) ओ घ) ऐ

३. तलका मध्ये कुन शब्द "तत्सम" शब्द हो ?

क) ऋषि ख) फुल ग) मोटर घ) रोदी

४. 'सूर्य' को पयार्यवाची शब्द कुन हो ?

क) निशा ख) भाष्कर ग) शशी घ) इन्दु

५. तलका मध्ये अनेकार्थी शब्द कुन हो ?

क) कर ख) खर ग) वर घ) तर

६. 'श्रीगणेश' को विपरीतर्थी शब्द कुन हो ?

क) थालनी ख) प्रारम्भ ग) इतिश्री घ) प्रार्थना

७. 'उषा' को पयार्यवाची शब्द कुन हो ?

क) विहान ख) ईर्ष्या ग) अग्नि घ) उत्सव

८. 'उदय' को विपरीतर्थी शब्द कुन हो ?

क) अस्त ख) शुरु ग) सूर्य घ) पतन

९. 'बिहान सबेरै उठ्नुहोस् ।' भन्ने वाक्यमा 'सबेरै' कुन शब्दवर्गको शब्द हो ?

क) क्रिया ख) क्रियायोगी ग) नामयोगी घ) विशेषण

१०. 'रतन्धो' कसरी बनेको शब्द हो ?

क) समास भएर ख) द्वित्व भएर

ग) प्रत्यय लागेर घ) उपसर्ग लागेर

क्रमशः

११. 'पालो + पालो' = 'आलोपालो' कुन द्वित्व अन्तर्गत पर्दछ ?

क) आंशिक द्वित्व ख) आपरिवर्तित द्वित्व

ग) पूर्ण द्वित्व घ) परिवर्तित द्वित्व

१२. 'मामाघर' कुन समास अन्तर्गत पर्दछ ?

क) तत्पुरुष समास ख) द्विगु समास

ग) कर्मधारय समास घ) द्वन्द्व समास

१३. तलका मध्ये उपसर्ग लागेको शब्द कुन हो ?

क) अपेक्षा ख) हँसिलो ग) मानवीय घ) कर्तव्य

१४. 'द्रष्टा' कसरी बनेको शब्द हो ?

क) द्रस् + टा ख) द्रस् + ता ग) दृस् + ता घ) दृश् + ता

१५. 'हरिले विद्यालय गएर पुस्तक पढ्यो ।' यो बनोटका आधारमा कस्तो वाक्य हो ?

क) सरल वाक्य ख) संयुक्त वाक्य ग) मिश्र वाक्य घ) जटिल

१६. 'कवि कविता लेख्छन् ।' वाक्यको स्त्रीलिङ्गी वाक्य कुन हो ?

क) कवि कविता लेख्छिन् । ख) कवयत्री कविता लेख्छ ।

ग) कवयत्री कविता लेख्छिन् । घ) कवयित्री कविता लेख्छिन् ।

१७. 'भक्तले देवको दर्शन गर्यो' वाक्यको बहुवचन वाक्य कुन हो ?

क) भक्तले देवीको दर्शन गर्यो । ख) भक्तजनले देवगणको दर्शन गरे ।
ग) भक्तहरुले देवको दर्शन गर्यो । घ) भक्तले देवहरुको दर्शन गरे ।

१८. 'म खाना खान्छु' वाक्यको द्वितिय पुरुष वाक्य कुन हो ?

क) तिमि खाना खान्छौ । ख) हामी खाना खान्छौं ।

ग) उनी खाना खान्छ । घ) तिनीहरु खाना खान्छन् ।

१९. कुनै काम पहिले वा वितेको समयमा भइसकेको तर अहिले मात्र थाहा पाइएको अवस्था जनाउने क्रियापदको पक्षलाई कुन भूत भनिन्छ ?

क) पूर्ण भूत ख) अपूर्ण भूत ग) अभ्यस्त भूत घ) अज्ञात भूत

२०. तलका मध्ये कुन पक्ष वर्तमान कालको होइन ?

क) पूर्ण ख) अपूर्ण ग) सामान्य घ) अज्ञात

क्रमशः

## विषयगत प्रश्न

## समूह 'क'

१. तल दिइएका वर्णहरुलाई उच्चारण स्थानका आधारमा छुट्याउनुहोस् । ३

क, त, प

२. शुद्ध गरी पुन र्लेखन गर्नु होस् : ४

विशोमान चित्रमा नेपाल सानो देखिए ता पनि यो शुन्दर शान्त र रमणिय पर्यटकिय मुलुकका रुपमा सुपरिचित छ ?

३. रेखाङ्कित शब्दहरूको शब्दवर्ग छुट्याउनु होस् : ४

जीवन चारैतिरबाट सुन्दर मूर्तिझैं हुनुपर्छ अनि पछि पो यसले हाम्रो जीवनमा सार्थकता पाउँछ ।

४. तलका वाक्यहरुलाई संयुक्त वाक्यमा परिवर्तन गर्नुहोस् । ४

राम घर जान्छ । रामले भाइलाई खाना खुवाउँछ ।

५. कोष्ठकमा दिइएको निर्देशनका आधारमा वाक्य परिवर्तन गर्नु होस् : ४

क) नायकको छोरा नायक नै हुन्छ । (लिङ्ग)
ख) हामी काठमाण्डौं गयौं । (तृतिय पुरुष)
ग) फुलहरु सुन्दर छन् । (वचन)
घ) हामीहरु खेल्न गएका थियौ । (पुरुष)

५. कोष्ठकमा दिइएका धातु र सङ्केतका आधारमा खाली ठाउँ भर्नु होस् : ४

क) तिनीहरू परीक्षा .......... । (दि : पूर्ण भूत)
ख) म त भुसुक्कै ............। (निदाउ : अज्ञात भूत)
ग) हामी सबै मिलेर देशको विकास .........। (गर् : इच्छार्थ)
घ) पानी परे .............। (सप्र : सङ्केतार्थ)

क्रमशः

## समूह 'ख'

१. दिइएको गद्यांश पढी सोधिएका प्रश्नहरूको उत्तर दिनु होस् : १०

शान्तिको बाटो साह्रै कठिन छ । हिंसात्मक भावनाबाट सिर्जित शान्ति दीर्घजीवी हुँदैन । यसमा स्वार्थ, अत्याचार र हिंसाको छाँया परेको हुन्छ । त्यसकारण सर्वप्रथम यस संसारबाट हिंसा-प्रतिहिंसाजस्ता महान् रोगहरूको इलाज गर्न हामी तम्सिनु पर्छ । हामीमा जाति, रङ्ग र उचनीचको भावना आउनु हुँदैन । यसको विपरीत 'बसुधैब कुटुम्बकम्' को महान् आदर्शलाई ह्रदयङ्गम गरेर संसारमा मानवप्रति प्रेम जगाउनु पर्छ । मानिसले एक अर्कालाई निर्धन, अर्कै आदर्शको, अर्कै जातिको भनेर घृणा गर्नु बुद्धलाई बिर्सेर युद्धलाई प्रोत्साहन गर्नु बराबर हो । त्यसकारण विश्वभरका मानिसहरु एक भएर आपसआपसमा उब्जने वैमनस्य आपसी समझदारीले हटाउनु पर्छ । हिंसा र प्रतिहिंसाको भावनालाई आफ्नो अन्तस्करणदेखि नै निकालेर फ्याँक्नुपर्दछ र बुद्धको आदर्शरूपी पञ्चशील व्यवहारमा भित्र्याउने प्रयास गर्नुपर्दछ । आज समस्त मानव समाज युद्ध र आतङ्कको छायाले त्रस्त छ त्यसकारण साधुको मात्र हैन दुर्जनको पनि रक्षा गरेर शान्तिको बाटो हिँडाउनु पर्छ । आफू पनि बाँच्नु र अरुलाई पनि बचाउनु मानवताको पहिलो आदर्श हो ।

**प्रश्नहरू** :

(कं) हिंसात्मक भावनाले सिर्जिएको शान्ति किन दीर्घजीवी हुँदैन ?
(ख) के-कस्ता कुराले शान्ति व्यवस्थापनमा बाधा पुऱ्याउँछ ?
(ग) वास्तविक शान्ति स्थापनाका लागि के गर्नुपर्दछ ?
(घ) मानवताको मुख्य आदर्श के हो ?
(ङ) 'दीर्घजीवी' र 'प्रतिहिंसा' को अर्थ के हो ?

२. तलको गद्यांशबाट पाँच ओटा बुँदाहरू टिप्नुहोस् : ५

परिश्रमी जीवन नै पूज्य हुन्छ, उदाहरणीय हुन्छ । जसरी घोटिँदा घोटिँदा नदीको ढुङ्गा गोलो हुन्छ, त्यसैगरी परिश्रम गर्दागर्दा जीवनले नयाँ रूप धारण गर्दछ । 'उद्योगीले जोगी हुनु पर्दैन' भन्ने लोकोक्तिले पनि हामीलाई परिश्रम गर्न सन्देश दिएको छ । हरेक क्षेत्रमा परिश्रमको ठूलो महत्त्व छ । यथास्थितिबाट माथि उठ्न हामीले भाग्यवादी बन्ने होइन कर्मवादी बन्नु पर्छ,पुरुषार्थी हुनु पर्छ । धर्म, अर्थ, काम र मोक्ष गरी हाम्रा चार पुरुषार्थ छन् । ती पुरुषार्थलाई प्राप्त गर्न निरन्तर साधना वा परिश्रमको खाँचो छ । भाग्यवादी भएर बस्नु भनेको आफ्नो परिश्रमरूपी ऊर्जाको दुरुपयोग गर्नु हो । परिश्रम जीवनको पूजा हो, समाज र राष्ट्रको सेवा हो । निरन्तर साधनारत रहेर परिश्रम गरेमा हामी राजा विश्वरथबाट महर्षि विश्वामित्र बन्न सक्छौं ।

क्रमशः

३. तलका सरल वाक्यहरूलाई एउटै वाक्यमा संश्लेषण गर्नु होस् : ५

लक्ष्मी प्रसाद देवकोटा महाकवि हुन् । उनी उदार चरित्रका थिए । उनी कवितामै कुरा गर्न सक्थे । उनले महाकाव्य लेखे । उनले खण्डकाव्य लेखे । उनले उपन्यास लेखे । उनले थुप्रै फुटकर कविता लेखे । उनी सबै सामु परिचित भए ।

४. कुनै एक शीर्षकमा ३०० शब्द नघटाई निबन्ध लेख्नु होस् : १०

(क) राष्ट्रसेवकको दायित्व

(ख) नागरिकको कर्तव्य

५. तलका मध्ये कुनै एक शीर्षकमा १५० शब्दसम्मको अनुच्छेद लेख्नु होस् : ५

(क) जडीबुटीको महत्व

(ख) नेपालमा बेरोजगारी समस्या

६. तलका मध्ये कुनै एक प्रश्नको उत्तर दिनु होस् : ५

क) आफ्नो पेसागत क्षमता अभिबृद्धि गर्नका लागि दुई बर्षको अध्ययन बिदाको माग गर्दै कार्यालय प्रमुखलाई निवेदन लेख्नु होस् ।

"वा"

ख) आफू शैक्षिक भ्रमण जाँदा देखिएको ज्ञानवर्दक कुराहरु समावेश गरि गाँउमा पढ्ने भाइलाई चिठी लेख्नुहोस् ।

७. राजमार्गमा भएको कुनै एक दुर्घटनाका सम्बन्धमा प्रतिवेदन तयार पार्नु होस् । १०

८. नेपाली सेनाको अधिकृत क्याडेट छनौट परीक्षामा सामेल हुनु अघि तपाइँको मनमा खेलेका कुराहरू समेटी मनोवाद लेख्नु होस् । ५

९. "धनभन्दा विद्या ठूलो" भन्ने विषयमा पक्षका तर्फबाट आफ्नो तर्कहरु राख्नुहोस् । ५

१०. भाव विस्तार गर्नु होस् : ५

'देशभक्ति' भनेको माटो र मुटु अर्थात् भूमि र जनताप्रति गरिने हार्दिक स्नेह वा आस्था हो ।